स्थानीय राजपत्र

परशुराम नगरपालिकाद्धारा प्रकाशित

खण्ड ८ संख्या ७ मिति पौष २९ गते २०८२ साल

जोगबुडा, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल

**भाग १**

**स्थानीय सरकार**

सुदुरपश्चिम प्रदेश सरकारको स्थानिय तहको कानून निर्माण प्रक्रिया ऐन २०७५ को दफा २४(५) बमोजिम परशुराम नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## परशुराम नगरपालिकाको नगर यातायात व्यवस्थापन ऐन (पहिलो संशोधन) २०८२

<u>**प्रस्तावनाः**</u> परशुराम नगरपालिकाको नगर यातायात व्यवस्थापन ऐन २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले परशुराम नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** — (१`) यस ऐनको नाम परशुराम नगरपालिकाको नगर यातायात ब्यवस्थापन ऐन (पहिलो संशोधन) २०८२ रहेको छ ।

२. यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

**४) परशुराम नगरपालिकाको नगर यातायात व्यवस्थापन ऐन २०८१ को दफा ४ को उपदफा ६ मा संशोधनः** परशुराम नगरपालिकाको नगर यातायात व्यवस्थापन ऐन २०८१ को दफा ४ को उपदफा ६ मा भएको उपदफा ६ को सट्टा देहायको उपदफा ६ राखिएको छ ।

"६"  भाडाका सवारी साधनहरुको दर्ता नं. प.न.पा ०१ ह ०००१, प.न.पा ०१ह०००२ देखी .........सम्म र कालो प्लेट हुनेछ ।निजि सवारी साधनहरुको दर्ता नं. प.न.पा ०१स०००१, प.न.पा.०१स०००२ देखी .........सम्म र रातो प्लेट हुनेछ।

**७) परशुराम नगरपालिकाको नगर यातायात व्यवस्थापन ऐन २०८१ को दफा ७ को उपदफा ३ मा संशोधनः** परशुराम नगरपालिकाको नगर यातायात व्यवस्थापन ऐन २०८१ को दफा ७ को उपदफा ३ मा भएको उपदफा ३ को सट्टा देहायको उपदफा ३ राखिएको छ।

**"३"** म्याद समाप्त भएको मितिले ३ महिना भित्र नविकरण गर्न आएमा जरिवाना दस्तुर नलाग्ने र ३ महिना पछी १० प्रतिशत (म्याद समाप्त भएको मितिले १ बर्ष भित्र ) र त्यस पश्चात ३० प्रतिशत थप जरिवाना लिई नविकरण गर्नु पर्ने छ ।

**८) परशुराम नगरपालिकाको नगर यातायात व्यवस्थापन ऐन २०८१ को दफा ८ को उपदफा ७ पछी उपदफा ८ थप गरिएकोः**

**"८"** — परशुराम नगरपालिकाको कार्यालयमा दर्ता भएका तिन पाङ्ग्रे सवारी अन्य स्थानियतहमा स्थानान्तरण गर्न सवारीधनीले **अनुसुची १०** बमोजिमको ढाँचामा निवेदन दिनु पर्ने छ ।यसरी निवेदन परेमा सवारीधनी बाट तिर्नु पर्ने कर, दस्तुर, शुल्क , जरिवाना बाफतको रकम असुल गरी कार्यालयले **अनुसुची ११** बमोजिमको ढाँचामा स्थानान्तरणपत्र दिनु पर्ने छ ।

**९) परशुराम नगरपालिकाको नगर यातायात व्यवस्थापन ऐन २०८१ को दफा ९ को उपदफा (१) (२) (३) मा संशोधनः** परशुराम नगरपालिकाको नगर यातायात व्यवस्थापन ऐन २०८१ को दफा ९ को उपदफा(१) (२) (३) मा भएको उपदफा (१) (२) (३)  को सट्टा देहायको उपदफा (१) (२) (३) राखिएको छ ।

**"१"** भाडाका सवारी साधनको दर्ता नं. प.न.पा ०१ ह ०००१, प.न.पा ०१ह०००२ देखी .........सम्म र कालो प्लेट हुनेछ ।

**"२"** निजि सवारी साधनको दर्ता नं. प.न.पा ०१स०००१, प.न.पा.०१स०००२ देखी .........सम्म र रातो प्लेट हुनेछ ।

**"३"** निजि सवारी साधनलाई भाडाको सवारी साधनमा परिवर्तन गर्नु परेमा नगरसभाले तोके बमोजिमको **दस्तुर** लिई भाडा सवारी साधनको नम्वर कायम गरी दर्ता गरिदिनु पर्छ ।

**१३) परशुराम नगरपालिकाको नगर यातायात व्यवस्थापन ऐन २०८१ को दफा १३ को उपदफा १ मा संशोधनः** परशुराम नगरपालिकाको नगर यातायात व्यवस्थापन ऐन २०८१ को दफा १३ को उपदफा १ मा भएको उपदफा १ को सट्टा देहायको उपदफा १ राखिएको छ ।

**"१"** दर्ता भएका सवारी साधन प्राकृतिक प्रकोप,दुर्घटना वा अन्य कारणबाट सवारी साधन काम नलाग्ने गरी क्षतीग्रस्त भई सम्बन्धित ब्यक्ति,फर्म,कम्पनी वा एजेन्टले **अनुसुचि १२ बमोजिमको ढाँचामा** निवेदन  दिन आएमा सो सवारीको चेसिस र ईन्जिन नंम्बरको टुक्रा पेस गर्न लगाई बार्षिक कर तिर्न र नविकरण गर्न बाकी भएमा बार्षिक कर र नविकरण दस्तुर लिइ **रु. ५०० थप दस्तुर बुझाउन लगाई सवारी साधनको लगत कट्टा गर्न सक्नेछ ।**

**१३) परशुराम नगरपालिकाको नगर यातायात व्यवस्थापन ऐन २०८१ को दफा १३ को उपदफा १ पछी उपदफा २ थप गरिएको:**

"२" - कुनै सवारी प्राकृतिक प्रकोप,दुर्घटना वा अन्य कारणबाट काम नलाग्ने गरि नासिएमा वा हराएमा सम्बन्धित प्रहरी कार्यालयको सर्जमिन मुचुल्का र सिफारिस, सम्बन्धित वडा कार्यालयको सिफारिस, सवारी नभेटिएको वा नासिएको व्यहोराको सवारी धनिको स्वघोषणा पत्र र बिमा गरेको निकायको पत्र लगायत पुष्टि हुने कागजातका आधारमा सवारीको दर्ता खारेज गरी लगतकट्टा गर्नु पर्ने छ।

**२३) परशुराम नगरपालिकाको नगर यातायात व्यवस्थापन ऐन २०८१ को दफा २३ को उपदफा १ मा संशोधनः** परशुराम नगरपालिकाको नगर यातायात व्यवस्थापन ऐन २०८१ को दफा २३ को उपदफा १ मा भएको उपदफा १ को सट्टा देहायको उपदफा १ राखिएको छ ।

"१" सवारीधनीले सवारी दर्ता नविकरण र बार्षिक कर तोकिए बमोजिम समयमै बुझाउनु पर्ने छ । उक्त समयमा नबुझाएमा म्याद समाप्त भएको मितिले ३ महिना भित्र नविकरण र बार्षिक कर बुझाउन आएमा जरिवाना दस्तुर नलाग्ने र ३ महिना पछी १० प्रतिशत (म्याद समाप्त भएको मितिले १ बर्ष भित्र ) र त्यस पश्चयात ३० प्रतिशत थप जरिवाना असुल उपर गरी लिनुपर्ने छ ।

**२४) परशुराम नगरपालिकाको नगर यातायात व्यवस्थापन ऐन २०८१ को दफा २४ मा संशोधनः** परशुराम नगरपालिकाको नगर यातायात व्यवस्थापन ऐन २०८१ को दफा २४ मा भएको दफा २४ को सट्टा देहायको दफा २४ राखिएको छ।

**"२४" सवारी दर्ता प्रमाणपत्र (ब्लुबुक) अनुसुची ९ बमोजिम हुने छ ।**

**अनुसुची — १** को क्रम संख्या ७ पछी ईन्जिन नं. थप गरिएको ।

**अनुसुची - २ को सवारी दर्ता नम्बरमा संशोधन** - परशुराम नगरपालिकाको नगर यातायात व्यवस्थापन ऐन २०८१ को अनुसुची २ को सवारी दर्ता नम्बरको ठाउँमा देहायको सवारी दर्ता नम्बर राखिएको ।

सवारी दर्ता नं.- प.न.पा ०१ ह ०००१, प.न.पा ०१ह०००२ देखी .........सम्म र कालो प्लेट

प.न.पा ०१स०००१, प.न.पा.०१स०००२ देखी .........सम्म र रातो प्लेट ।

**अनुसुची — २** को क्रम संख्या ७ पछी ईन्जिन नं. थप गरिएको ।

**अनुसुची — ३** को सवारी दर्ता नम्बरमा संशोधन - परशुराम नगरपालिकाको नगर यातायात व्यवस्थापन ऐन २०८१ को अनुसुची ३ को सवारी दर्ता नम्बरको ठाउँमा देहायको सवारी दर्ता नम्बर राखिएको ।

सवारी दर्ता नं.- प.न.पा ०१ ह ०००१, प.न.पा ०१ह०००२ देखी .........सम्म र कालो प्लेट

प.न.पा ०१स०००१, प.न.पा.०१स०००२ देखी .........सम्म र रातो प्लेट ।

**अनुसुची — ४** को क्रम संख्या ७ पछी ईन्जिन नं. थप गरिएको ।

## अनुसुची १०
## दफा ८को उपदफा ८ संग सम्बन्धित
## तिन पाङ्ग्रे सवारी साधन स्थानान्तरण दर्ताका लागि दिने निवेदन

मितिः

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू
परशुराम नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
जोगबुडा ,डडेल्धुरा ।

मेरो/हाम्रो नाममा यस परशुराम नगरपालिकाको कार्यालयमा दर्ता कायम रहेको............................. नम्बरको तपशिलको विवरण भएको भाडा/निजि तीन पाङ्ग्रे सवारि ................. प्रदेश ............. जिल्लाको ..............गाउँपालिका/नगरपालिका/उपमहानगरपालिकामा स्थानान्तरण दर्ता गर्नका निवेदन दिएको छु/छौ । पेश गरेको विवरण ठिक साँचो छ, झुठा ठहरे कानुन बमोजिम सहुला बुझाँउला ।

१) सवारी दर्ता नं. —
२) सवारीको किसिम —
३) सवारी बनाउने कम्पनीको नाम —
४) मोडेल/उत्पादन बर्ष —
५) हर्ष पावर —
६) सवारीको मोटर/ईन्जिन नं. —
७) सवारिको चेसिस नं —
८) सवारीको रंग. -
९) सिट संख्या/ बजन क्षमता —
१०) पेट्रोल/डिजल —
११) स्थानान्तरण दर्ता गर्न चाहेको स्थानिय तहको नाम —
१२) अन्य विवरण —

दायाँ वायाँ

निवेदक
दस्तखत —
नाम थर —
ठेगाना —
सम्पर्क नं -

## अनुसुची ११
## दफा ८को उपदफा ८ संग सम्बन्धित
## तिन पाङ्ग्रे सवारी साधन स्थानान्तरण

मितिः

श्री.....................कार्यालय ।

विषय — दर्ता स्थानान्तरणका लागि पठाईएको ।

यस कार्यालयमा दर्ता रहेको............................नम्बरको तपशिलको विवरण भएको भाडा/निजि अटो रिक्सा/ई-रिक्सा दर्ता स्थान्तरणका लागि पठाईएको छ । नियमानुसार दर्ता गरी सोको जानकारी यस कार्यालयमा पठाईदिनुहुन अनुरोध छ ।

तपशिल

१.सवारी दर्ता नं. र मितिः —

२.सवारीको किसिम —

३.बनाउने कम्पनी —

४.मोडेल/उत्पादन बर्ष —

५.व्याट्री पावर —

६.सवारीको मोटर / ईन्जिन नम्बर —

७.सवारीको चेसिस नं —

८.सवारीको रङ -

९.सवारीको सिट / बजन क्षमता —

१०.स्थानान्तरण गर्न चाहेको स्थानिय तहको नाम -

११.भन्सार विवरण -

क)भन्सार कार्यालयको नाम —

ख)भन्सार प्रज्ञापन पत्र नम्बर —

ग)रसिद नम्बर —

घ)मिति —

ङ)सवारीधीको,-

अ)नाम थर —

आ) ठेगाना —

ई)नागरिकता प्र.प.नं./ जारी मिति —

फाँटवालाको सही

स्थानान्तरण दिने कार्यालय प्रमुखको सही

**अनुसुची १२**

**दफा १३ को उपदफा १ संग सम्बन्धित**

**दर्ता खारेजि वा लगतकट्टाका लागि दिने निवेदन**

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू

परशुराम नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

जोगबुडा ,डडेल्धुरा ।

विषय — दर्ता खारेजि वा लगतकट्टा सम्बन्धमा ।

मेरो नाममा यस कार्यालयमा दर्ता भएको  निम्नअनुसारको विवरण भएको बमोजिम तीन पाङ्ग्रे सवारि साधन सवारङ्ग बिग्री/नासी/हराई चलाउन नसक्ने भएकोले दर्ता प्रमाणपत्र संलग्न राखी दर्ता खारेजि वा लगत कट्टाका लागि निवेदन दिएको छु/छौ । पेश गरेको विवरण ठिक साँचो छ, झुठा ठहरे कानुन बमोजिम सहुला बुझाँउला ।

१) सवारीधनीको नाम —

२)ठेगाना-

३)सावरी दर्ता नम्बर-

४)सवारीको किसिम —

५)सावरी दर्ता खारेज वा लगत कट्टा गर्नुपर्नाको कारण-

६) हराएको/ नासिएको बेहोरा प्रमाण वा सिफारिसपत्र-

७)सावरी दर्ता प्रमाणपत्र-

८)प्रदुषण जाँचपासको प्रमाणपत्र-

९)सवारी निर्माण कम्पनीको नाम —

१०)सवारी बनेको साल —

११)मोडेल नं —

१२)सिलिण्डर संख्या —

१३)चेसिस नं —

१४)ईन्जिन नं. -

१५)हर्ष पावर (सि सि)

१६)सवारीको रंग —

१७)सवारीको सिट / बजन क्षमता —

१८)पेट्रोल/डिजल-

१९) अन्य प्रमाण-

निवेदक

नाम —

ठेगाना —

दस्तखत —

फोन नं -

<u>कार्यालय प्रयोजनका लागि</u>

सवारीको चेसिस नंम्बर र ईन्जिन नंम्बर प्लेटको टुक्रा नष्ट गरेको वा कार्यलयमा बुझाएको सम्बन्धी राय

सवारी जाँच्ने प्राविधिकको सही फाँटवालाको सही कार्यालय प्रमुखको सही

प्रमाणिकरण मितिः २०८२।०९।२७

**आज्ञाले**

कृष्णानन्द जोशी
प्रमुख प्रशासकिय अधिकृत